मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०७९/११/१० बैठक सङ्ख्याः ०९

बैठक प्रारम्भ समयः १२:०० बजे अपरान्ह बैठक समापन समयः ०३:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | १ नं. वडा अध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | २ नं. वडा अध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | ३ नं. वडा अध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | ४ नं. वडा अध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | ५ नं. वडा अध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| १ | श्री गजेन्द्र थलङ | योजना शाखा प्रमुख | | |
| २ | श्री पवन भट्टराई | प्रशासन शाखा प्रमुख | | |
| ३ | श्री लक्ष्मी मगर | क.अ. | | |
| ४ | श्री प्रशान्त खतिवडा | लेखा शाखा प्रमुख | | |
| ५ | श्री सुमन गिरी | सूचना प्रविधि अधिकृत | | |
| ६ | श्री घनेन्द्र थापा | निजि सचिव | | |

**प्रस्ताव नं. ०१, अध्यक्ष/उपाध्यक्ष कप संचालन सम्बन्धमा ।**

**निर्णय नं. ०१,** प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.व. २०७९/८० मा अध्यक्ष कप कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. १० लाख बाट अध्यक्ष कप भलिवल र फुटवल प्रतियोगिता तथा उपाध्यक्ष कप व्याडमिन्टन प्रतियोगिता कार्यक्रम समावेश गरी मिक्वाखोला गाउँपालिकाको केन्द्र थलङमा संचालन गर्ने निर्णय पारित गरियो ।

तपशिलः

| क्र.सं. | कार्यक्रम | किसिम | रकम | मिति |
|---|---|---|---|---|
| १ | व्याडमिन्टन प्रतियोगिता | खुला | ४००००० | चैत्र ६,७ र ८ गते |
| २ | भलिवल प्रतियोगिता | पालिका भित्रको वडा स्तरिय | ३००००० | चैत्र २,३ र ४ गते |
| ३ | फुटबल प्रतियोगिता | पालिका भित्रको वडा स्तरिय | ३००००० | |

अध्यक्ष/उपाध्यक्ष कप संचालनको लागि निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

क. अध्यक्ष कप भलिवल/फुटबल प्रतियोगिता संचालक समितिः

१. संयोजकः श्री भक्त बहादुर कार्की

२. सदस्यः श्री मचिन्द्र कुमार लिम्वु

३. सदस्यः श्री ग्यान्जे शेर्पा

४. सदस्यः श्री राम कुमार लिम्बु

५. सदस्यः श्री सदन कुमार साँवा

६. सदस्य-सचिवः श्री महेन्द्र अधिकारी

ख. उपाध्यक्ष कप व्याडमिन्टन प्रतियोगिता संचालक समितिः

१. संयोजकः श्री डण्डु लामा शेर्पा

२. सदस्यः श्री झरेन्द्र प्रसाद थापा

३. सदस्यः श्री मदन कुमार विक

४. सदस्यः श्री फुपुलामु शेर्पा

५. सदस्य-सचिवः श्री गजेन्द्र थलङ

अध्यक्ष कप भलिवल/फुटबल प्रतियोगिता संचालन रेफ्रीको लागि ऐश्वर्य राज थापा, दावानुपु शेर्पा, डम्बर लिम्बु, मोतीहाङ (बि.के.) थलङ लाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ०२, झोलुङ्गे पुल माग सम्बन्धमा ।**

**निर्णय नं. ०२,** शहरी विकास मन्त्रालय, स्थानीय पुर्वाधार विभाग, श्रीमहल, पुल्चोक, ललितपुरको मिति २०७९/१०/१६, च.नं. २३० प्राप्त पत्र बमोजिम यस गाउँपालिकाको सवै वडालाई आवश्यक पर्ने निम्न झोलुङ्गे पुल छनौट गरि पठाउने निर्णय पारित गरियो ।

निम्नः

| क्र.सं. | झोलुङगे पुलको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | छेरेक्मा झोलुङगे पुल | ५ पापुङ |  |
| २ | तापेथोक झोलुङगे पुल | ५ पापुङ |  |
| ३ | ओत्रोक्मा झोलुङगे पुल | ५ पापुङ |  |
| ४ | खाँडे झोलुङगे पुल | ५ पापुङ |  |
| ५ | हेम्बा पुछार झोलुङगे पुल | ५ पापुङ |  |
| ६ | होबेन झोलुङगे पुल | ५ पापुङ |  |
| ७ | जोरसघों झोलुङगे पुल | ५ पापुङ |  |
| ८ | थुम्बाखोला झो.पु. राईगाउँ | २ खोक्लिङ |  |
| ९ | थुम्बाखोला झो.पु. डाँडे | २ खोक्लिङ |  |
| १० | मेवाखोला झो.पु. | ३ लिवाङ |  |
| ११ | हाँडीखोला झो.पु. | ३ लिवाङ |  |
| १२ | मेवाखोलाखोत्रक झो.पु. | ४ साँवा |  |
| १३ | फुङफुङगे झो.पु. (A) | ४ साँवा |  |
| १४ | फुङफुङगे झो.पु. (B) | ४ साँवा |  |

**प्रस्ताव नं. ०३, अध्यक्ष कृषि परियोजना कार्यक्रम संचालन सम्बन्धमा ।**

**निर्णय नं. ०३,** अध्यक्ष कृषि परियोजना कार्यक्रम अन्तर्गत रु. २० लाख बाट निम्न कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निम्नः**

१. अध्यक्ष कृषि परियोजना कार्यक्रम रु. १० लाख बाट तोरी मिल खरिद गरि वितरण गर्ने साथै रु. २ लाख बाट मिनिमिल खरिद गरि वितरण गर्ने ।

२. उपाध्यक्ष पशुपालन परियोजना कार्यक्रम रु. ८ लाख बाट याक खरिद गरि वितरण गर्ने ।

**प्रस्ताव नं. ०४, संघ र प्रदेशमा योजना माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०४,** निम्न योजनाहरु लागि प्रदेश/संघमा माग गर्ने निर्णय पारित गरियो ।

**निम्नः**

| क्र.सं. | योजनाको नाम र ठेगाना | ठेगाना | माग गरिने निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | खोक्लिङ-लिवाङ-थलङ-फुङफुङगे-पापुङ कालोपत्रे मोटरबाटो निर्माण | गाउँपालिका स्तरिय | प्रदेश/संघीय सरकार | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय |
| २ | दुङगिन तोक्पेगोला तिन पोखरी लोदेन पर्यटकीय पदमार्ग निर्माण | वडा नं. ५ पापुङ | प्रदेश/संघीय सरकार | पर्यटन मन्त्रालय |
| ३ | थोरोक्पा जंगल ग्लाम्पिङ साइड निर्माण | वडा नं. ५ पापुङ | प्रदेश/संघीय सरकार |  |
| ४ | सेमसेलुङ शिखर आरोहण पदमार्ग निर्माण | वडा नं. ०४ साँवा | प्रदेश/संघीय सरकार |  |
| ५ | तोक्पेगोला प्रहरी चौकी भवन निर्माण | वडा नं. ५ पापुङ | प्रदेश/संघीय सरकार |  |
| ६ | बर्थिङसेन्टर भवन निर्माण | वडा नं. ५ पापुङ | प्रदेश/संघीय सरकार |  |

| | | | | |
|---|---|---|---|---|
| ७ | साँवा प्रहरी चौकी भवन निर्माण | वडा नं. ०४ साँवा | प्रदेश/संघीय सरकार | |
| ८ | गाउँपालिका केन्द्र खानेपानी योजना मर्मत तथा निर्माण | वडा नं. ०४ साँवा | प्रदेश/संघीय सरकार | |
| ९ | पापुङ वृहत खानेपानी निर्माण | वडा नं. ०५ पापुङ | प्रदेश/संघीय सरकार | |
| १० | खोक्लिङ वृहत खानेपानी निर्माण | वडा नं. १ र २ खोक्लिङ | प्रदेश/संघीय सरकार | |
| ११ | भोटेगाउँ खानेपानी निर्माण | वडा नं. ०४ साँवा | प्रदेश/संघीय सरकार | |
| १२ | सामुदायिक भवन निर्माण | वडा नं. ०५ पापुङ | प्रदेश/संघीय सरकार | शहरी विकास मन्त्रालय |
| १३ | फुङफुङगे पापुङ मोटरबाटो स्तरोन्नती | वडा नं. ०५ पापुङ | प्रदेश/संघीय सरकार | |
| १४ | सगरमाथा आ.वि.खेलमैदान निर्माण | वडा नं. ०२ खोक्लिङ | प्रदेश/संघीय सरकार | |
| १५ | दगुर्नेपुल-वडा नं.२ कार्यालय हुदै डाँडागाउ सम्म कालोपत्रे सडक निर्माण | वडा नं. ०२ खोक्लिङ | प्रदेश/संघीय सरकार | |
| १६ | वडा नं. २ खोक्लिङ स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ०२ खोक्लिङ | प्रदेश/संघीय सरकार | |
| १७ | सुब्बाटोल हुदै फक्ताङलुङ ०१ जोड्ने मोटरबाटो निर्माण | वडा नं. ०२ खोक्लिङ | प्रदेश/संघीय सरकार | |
| १८ | सुब्बाटो हुदै दुरिङ जोड्ने मोटरबाटो निर्माण | वडा नं. ०२ खोक्लिङ | प्रदेश/संघीय सरकार | |
| १९ | गुप्तेश्वर शिवालय मन्दिर निर्माण | वडा नं. ०१ खोक्लिङ | प्रदेश/संघीय सरकार | |

**प्रस्ताव नं. ०५, गरिविनिवारणका लागि लघु उद्यम विकास कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं. ०५,** आ.व. २०७९/८० को गरिविनिवारणको लागि **लघु उद्यम विकास कार्यक्रम** बाट संभावित उद्यमिलाई सिपविकास तालिम दिनको लागि उद्यम विकास समितिबाट पारित बजेट रु. ९,४,४००।– (अक्षरेपी नौ लाख चार हजार चार सय रुपैया) तालिम संचालनको लागि सेवा प्रदायक संस्था मार्फत संचालन गर्ने भनि प्रस्ताव आव्हान गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०६, निर्माणाधिन ५ शैया अस्पताल भवनको रकम माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०६,** मिक्वाखोला गाउँपालिकाको केन्द्र वडा नं. ०४ साँवामा निर्माणाधिन ५ शैया अस्पताल भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको र ठेक्का सम्झौता अनुसार चालु आ.व. २०७९/८० मा सम्पन्न हुने भएको र भौतिक प्रगति प्रगतिको अवस्था समेतलाई हेर्दा सम्पुर्ण कार्य सम्पन्न हुने देखिएको तर ठेकेदारलाई भुक्तानी गर्न करिब रु. ४ करोड रुपैया अपुग देखिएको हुँदा सो अपुग रकम स्वास्थ्य तथा जनसंस्था मन्त्रालय र अर्थ मन्त्रालयमा माग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०७, ५ शैया अस्पताल भवन निर्माणको भेरिएसन अर्डर (VO) स्विकृत सम्बन्धमा ।**

**निर्णय नं. ०७,** यस गाउँपालिकाको वडा नं. ०४ साँवामा निर्माणाधिन ५ शैया अस्पतालको फाउण्डेसन खन्ने क्रममा माथिबाट पहिरो झरी निर्माण स्थलमा असर पुगेको र भवन निर्माण कार्यमा अवरोध समेत सृजना भएको हुनाले सामान्य रिटेनिङ वालले पहिरो रोकथाम गर्न नसकिने अवस्था भएकोले RCC WALL लगाउनु पर्ने भएको हुँदा भेरिएसन अर्डर (VO) स्विकृतिको लागि संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सँग अनुमती माग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०८, लिवाङ स्वास्थ्य चौकीको भेरिएसन अर्डर (VO) गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०८,** यस मिक्वाखोला गाउँपालिका वडा नं. ०३ लिवाङमा निर्माणाधिन लिवाङ स्वास्थ्य चौकीको भवन निर्माणको लागि ठेक्का आव्हान गर्दा भुलवश भवनो झ्यालमा ग्रिल र सिसा Item छुटेको र भवनको टपमा पाराफिट वालको Item छुटेको हुँदा भेरिएसन अर्डर (VO) गरी उक्त निर्माण कार्य Complete गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०९, गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको लागि रकम माग गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०९,** यस मिक्वाखोला गाउँपालिका कार्यालयको निर्माणाधिन प्रमुख प्रशासकीय भवन निर्माण कार्य भईरहेको र कार्यप्रगति बमोजिम ठेकेदारलाई भुक्तानी दिन रकम अभाव भएको हुँदा अपुग रकम संघिय सरकार अर्थ मन्त्रालयमा माग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १०, पालिका स्तरिय क्यालेन्डर प्रकाशन समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. १०,** चालु आ.व. २०७९/८० मा स्विकृत रु ५ लाख बाट क्यालेन्डर प्रकाशन समिति गठन निम्न अनुसार गर्ने निर्णय पारित गरियो ।

निम्नः

१. संयोजकः श्री सुमन गिरी
२. सदस्यः श्री केशव शरण अधिकारी

मिक्वाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुम्के, ताप्लेजुङ १ नं. प्रदेश, नेपाल

**प्रस्ताव नं. ११, राष्ट्रपति रनिङशिल/उपमेयर कपमा सहभागी सम्बन्धमा ।**

**निर्णय नं. ११,** आ.व. २०७९/८० मा सिरिजंघा गाउँपालिकामा संचालन हुने राष्ट्रपति रनिङशिलमा सहभागी हुनको लागि विविध शिर्षकबाट रु. १ लाख र फु.न.पा.मा संचालन हुने उपमेयर महिला फुटवल खेलमा सहभागी हुनको लागि विविध शिर्षकबाट रु. १ लाख रकम विनियोजन गरि भुक्तानी दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १२, कक्षा ६ देखी ८ स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १२,** आ.व. २०७९/८० को स्विकृत कार्यक्रममा समावेश भएको स्थानीय पाठ्यक्रम निर्माण (कक्षा ६ देखी ८) प्रस्ताव आव्हान गरी परामर्शदाता मार्फत निर्माण गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १३, FRA को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १३,** यस कार्यालयले तयार गरेको गत आ.व. को FRA रिपोर्ट जिल्ला विकास समन्वयको कार्यालय ताप्लेजुङबाट पृष्ठपोषण भई आएको नतिजालाई सार्वजनिक गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १४, पालिका भित्र रहेका अतिविपन्न/विपद प्रभावित परिवारलाई राहत दिने सम्बन्धमा ।**

**निर्णय नं. १४,** पालिका भित्र रहेका अतिविपन्न/विपद प्रभावित परिवारलाई प्रति परिवार रु. ५० हजार को दरले विपद कोषबाट निम्न प्रभावितहरुलाई भुक्तानी हुने गरी राहत दिने निर्णय पारित गरियो ।

निम्नः

१. ममलाल लिम्बु मिक्वाखोला-०१
२. हिमाल लिम्बु मिक्वाखोला-०१
३. शुकमाया लिम्बु मिक्वाखोला-०२
४. पुर्ण कुमारी लिम्बु मिक्वाखोला-०२
५. लाल बहादुर विक मिक्वाखोला-०२
६. कान्छी शेर्पा मिक्वाखोला-०३
७. वलराम लिम्बु मिक्वाखोला-०४
८. अर्जुन लिम्वु मिक्वाखोला-०५

**प्रस्ताव नं. १५, फुङलिङ नगरपालिकाबाट स्थानान्तरण हुने प्रा.वि.शिक्षक दरबन्दी सम्बन्धमा ।**

**निर्णय नं. १५,** फुङलिङ नगरपालिकाबाट स्थानान्तरण हुने ३ जना शिक्षक दरबन्दी बाल्देन मा.वि. पापुङलाई २ जना प्रा.वि. दरबन्दी र पञ्चेश्वरी मा.वि. लिवाङलाई १ जना दरबन्दी दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १६, माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १६,** आ.व. २०७९/८० मा स्विकृत माध्यमिक विद्यालयमा पुस्तकालय व्यवस्थापन कार्यक्रम अन्तर्गत रु. ६ लाख ५० हजार मध्येबाट बाल्देन मा.वि. पापुङलाई रु. ३२५,०००।– र पञ्चेश्वरी मा.वि. लिवाङलाई रु. ३२५,०००।– ब्रेकडाउन गरि कार्यक्रम संचालन गर्ने निर्णय पारित गरियो ।

*आजको वैठक यहि अन्त्य गरियो ।*